# जलवायु परिवर्तन सम्बोधनका विश्वव्यापी गतिविधिहरूमा आदिवासी जनजातिहरूको योगदानको सम्मान :

## जोखिम, अनुकूलन र प्रभावसम्बन्धी आइपीसीसी प्रतिवेदनको समीक्षा



तस्बिरहरू : गंगा गुरुङ, टुङ्ग राई

सन् २०२२ फेब्रुअरी २८ मा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (IPCC/आइपीसीसी) ले कार्यसमूह (दुई) को योगदान अनुरूप 'जोखिम, अनुकूलन र प्रभाव' शीर्षकमा एक नविनतम प्रतिवेदन आइपीसीसीको छैठौ समीक्षात्मक प्रतिवेदन (एआर ६) जारी गऱ्यो । IWGIA/इब्गीयाले तयार पारेको यस अडान पत्रले आइपीसीसीको उक्त प्रतिवेदनको निष्कर्षलाई आदिवासी जनजातिको दृष्टिकोणबाट विश्लेषण गर्नका साथै उनीहरूको मौलिक ज्ञानलाई जलवायु परिवर्तनसम्बन्धी विश्वव्यापी गतिविधिहरूमा कसरी लिनु पर्दछ भनी समीक्षा समेत गरेको छ ।

आइपीसीसीले सो नयाँ प्रतिवेदनमा जलवायु, पारिस्थितिक प्रणाली, जैविक विविधता र मानव समाजबीचको पारस्परिक अन्तरनिर्भरतालाई प्रमुख सिद्धान्तको रूपमा आत्मसात गरी प्राकृतिक, पारिस्थितिक, सामाजिक र आर्थिक विज्ञानलाई एकीकृत गर्न ठूलो प्रयास गरेको दाबी गरेको छ ।

यसैसँग जोडेर प्रतिवेदनले जलवायु अनुकूलनको प्रक्रिया वा गतिविधिलाई बुझ्न, मूल्याङ्कन गर्न र मानव सिर्जित जलवायु परिवर्तनको जोखिम कम गर्ने कार्यमा विविध प्रकारको ज्ञानहरू (जस्तैः पश्चिमा ज्ञान र वैज्ञानिक, आदिवासी जनजातिको ज्ञान र स्थानीय ज्ञान) को महत्वलाई पहिचान गरेको छ ।

आइपीसीसीको अनुसार, वर्तमान प्रतिवेदनले ३५,००० भन्दा बढी वैज्ञानिक लेखहरूको जानकारी राख्दै आदिवासी जनजातिहरू र आदिवासी विद्वानहरूको ज्ञानप्रति विशेष ध्यान दिई सामाजिक न्यायलाई पनि बढ्वा दिएको व्याख्या गरेको छ । यसै अनुरूप इन्युइट सर्कम्पोलर परिषद् (ICC/आइसीसी) ले सन् २०२१ मा आइपीसीसी पर्यवेक्षकको हैसियत प्राप्त गरेको जनाएको छ ।

आइसीसीले वर्तमान प्रतिवेदन तथा बदलिंदो जलवायुमा सामुन्द्रिक र क्रायोस्फयर विषयक विशेष प्रतिवेदनमा विज्ञ समीक्षक र सहलेखकको भूमिका निर्वाह गर्नुका अतिरिक्त आइपीसीसी पर्यवेक्षकको हैसियत प्राप्त गरेको पहिलो आदिवासी संगठनको हैसियतले, अब स्वायत्त रूपमा आइपीसीसीको बैठकहरूमा सहभागी हुन र आफ्नो बिचार प्रस्तुत गर्न समेत पाउनेछ ।

## मानव सिर्जित जलवायु परिवर्तनको जोखिम

आदिवासी जनजातिहरू जलवायु परिवर्तनको कारण सबैभन्दा जोखिममा परेका समुदायहरू हुन् भन्ने तथ्य आइपीसीसी प्रतिवेदनको निष्कर्षले देखाएको छ, जुन हामीलाई पहिले नै अवगत भइसकेको यर्थाथ हो । जलवायु परिवर्तनको कारण विशेषगरी उत्तरी-दक्षिणी





ध्रुबीय क्षेत्रका आदिवासी जनजाति समुदायहरू प्रभावित छन् । जलवायु परिवर्तनले समुद्रको अम्लीयकरण, हिउँले ढाकेको सतहको क्षति र मिथेन ग्याँसको उत्सर्जनको प्रभाव विगतमा भन्दा हाल तीब्र गतिमा भइरहेको अनुभूति भइरहेको छ । यस बाहेक, अन्य विभिन्न सामाजिक-सांस्कृतिक क्षेत्रका जस्तैः अफ्रिका, एसिया, मध्य र दक्षिण अमेरिका र क्यारेबियन, पूर्वी यूरोप, रसियाली महासंघ, मध्य एसिया र ट्रान्सककेसिया, उत्तर अमेरिकालगायत प्यासिफिकका जोखिममा रहेका आदिवासी जनजाति समुदायहरू पनि चरम खडेरी, भीषण बाढी, आगजनी र जैविक प्रदूषणबाट प्रभावित छन् । आर्कटिक क्षेत्रमा जस्तै विशेष जैविक विविधता भएको दुर्गम भूक्षेत्रको अतिक्रमणको कारण त्यस्ता क्षेत्रमा बस्ने समुदायहरूको अवस्था पनि कठिन रहेको छ ।

आइपीसीसीका अनुसार एकआपसमा अन्तरनिहित सामाजिक तथ्यहरू जस्तै : लैङ्गिकता, आय, वर्गीय र ऐतिहासिक सीमान्तीकरण आदिले आदिवासी जनजातिमा जोखिम सिर्जना गर्न र त्यस्ता जोखिमहरूलाई अझ बढाउने भूमिका खेलेको हुन्छ । आदिवासी जनजातिको सीमान्तीकरणको अवस्था औपनिवेशिक कालदेखि विभिन्न रूप लिंदै हाल आएर भिन्न स्वरूप हुँदै निरन्तरता पाइरहेको असमानताबाट सिर्जित छ । आदिवासी जनजातिहरूले सामना गरिरहेको मानव सिर्जित जलवायु परिवर्तनको प्रभाव अत्यन्त त्रासदीपूर्ण रहेको छ । यो प्रतिवेदनले मुख्यतः कुपोषण, पानीको अभाव, खाद्य असुरक्षा, मानसिक स्वास्थ्यको असर, आगलागीको जोखिम, जीविकोपार्जनमा ह्रास, बढ्दो लागत र जलवायु संवेदनशील रोगहरूबाट मृत्युदरमा बृद्धि र बिरामीदर (रोगव्याधी), श्वासप्रश्वाससम्बन्धी समस्यामा बृद्धि, खडेरी र बाढी जस्ता समस्याहरूलाई पनि उल्लेख गरेको छ । यसका अतिरिक्त आइपीसीसीले जैविक विविधता र पारिस्थितिकीय प्रणालीमा परेको क्षतिका कारण आदिवासी जनजातिहरूले मौलिक भाषा, ज्ञान प्रणाली र जीविकोपार्जनमा व्यहोरिरहेको अपूरणीय चक्रिय क्षतिको वास्तविकतालाई पनि पहिचान गरेको छ ।

## अनुकूलनसम्बन्धी खराब अभ्यासहरू

आदिवासी जनजातिहरूको मजबुत अनुकूलन क्षमतालाई माथि उल्लेखित विभिन्न प्रकारका जैविक प्रभावहरू र सांस्कृतिक ह्रासले कमजोर बनाउँदै लैजाने कुरालाई आइपीसीसी प्रतिवेदनले उल्लेख गरेको छ । यसका साथै, धेरै आदिवासी समुदायहरू जलवायु परिवर्तनको प्रतिकूल परिणाम मूल्याङ्कन गर्न विफल अनुकूलनका अभ्यासहरूबाट प्रभावित भएका छन्, जसले थप असमानता र जोखिमलाई बढावा दिने गर्दछन् । त्यस्ता खराब अभ्यासहरूले आदिवासी जनजातिहरूले व्यहोरिरहेको जोखिमलाई झन बढाउने



कुरा आइपीसीसीको प्रतिवेदनले उल्लेख गरेको छ । आदिवासी जनजातिहरूको ज्ञानलाई जलवायु परिवर्तन सम्बोधनका कार्यमा सम्मान र समावेश नगर्दा र आदिवासी जनजाति मैत्री अवधारणाहरू अन्तरविषयगत नभएको अवस्थामा खराब अनुकूलनको जोखिम उच्च हुने गर्दछ । आदिवासी जनजातिहरूलाई आफ्नो पुर्ख्यौली भूमिबाट स्थानान्तरण गर्दा उनीहरूको जीविकोपार्जन, भूमिसँगको सामिप्यता र सम्बन्ध, भूक्षेत्रसँगको सांस्कृतिक र आध्यात्मिक सम्बन्धमा पर्ने असरको बारेमा प्रतिवेदनमा विशेष जोड दिइएको छ । आदिवासी जनजातिहरूको अधिकार, पारिस्थितिकीय प्रणाली, भूमि व्यवस्था र अनुकूलन क्षमतालाई असर गर्ने र लामो समयसम्म नटिक्ने रूखविरूवाका प्रजातिहरू रोप्ने जस्ता खराब अभ्यासहरूको बारे पनि प्रतिवेदनमा चर्चा गरिएको छ ।

## जलवायु परिवर्तन सम्बोधनका विश्वव्यापी गतिविधिबारे पुनर्विचार गर्दा

हालको अभ्यासहरू र संस्थागत व्यवस्थाहरू जोखिम र निर्भरता घटाउन, खराब अनुकूलन रोक्न र जलवायु परिवर्तन उत्थानशील विकासलाई सहज बनाउन प्रभावकारी छैनन् । यद्दपि यो नयाँ प्रतिवेदनले खराब अनुकूलनबाट बच्न र जोखिम कम गर्नको निम्ति न्यायिक अवधारणाको प्रस्ताव गरेता पनि उच्च जोखिमको अवस्थामा विशेषगरी पानीको सन्दर्भमा गम्भीर खतराबाट जोगिने प्रयासहरू पर्याप्त नहुने आइपीसीसीले जनाएको छ । त्यसैले जलवायु परिवर्तनका सम्बोधनका कार्य संचालनमा आदिवासी जनजातिहरूलगायत विविध पात्रहरूको समावेशीकरणको साथै विविध ज्ञान प्रणालीबीच सहकार्यको निम्ति प्रतिवेदनले आव्हान गरेको छ ।

यसको निम्ति आदिवासी जनजातिहरूको ज्ञान र उनीहरूको अधिकारसँग मेल खाने विविधतायुक्त सांस्कृतिक स्रोतहरूको पहिचान र संलग्न गरी न्याय प्रणालीमा सुधार, समता र लैङ्गिकतामाथि चिन्तन गर्न र ध्यान दिन आवश्यक छ ।

## आदिवासी जनजाति र आदिवासी जनजाति ज्ञानका ज्ञाताहरुको योगदान

आदिवासी जनजातिहरूले सामना गरिरहेको जोखिम र ऐतिहासिक सिमान्तीकरणका कारण जलवायु परिवर्तनका सम्बोधनका कार्य संचालनमा उनीहरूको सहभागिता

नैतिक रूपमा उचित र महत्वपूर्ण रहेको आइपीसीसीले उल्लेख गरेको छ । आदिवासी जनजातिको सहभागिताले अधिक समतामूलक र सामाजिक रूपमा न्यायपूर्ण अनुकूलन लगायतका धेरै सकारात्मक नतिजाहरू ल्याउँछन् । यी लाभहरूको प्रमुख श्रेय आदिवासी जनजातिहरूको ज्ञानको उच्च मूल्यलाई जाने तथ्यलाई प्रतिवेदनमा व्यापक रूपमा उल्लेख गरिएको छ । प्रतिवेदनको निष्कर्षलाई विशेषगरी पाँच मुख्य बुँदाहरूमा विभाजन गरिएको छ ।

१. सामाजिक-पारिस्थितिक प्रणालीको स्थायित्व (मजबुत बनाउनका) लागि आदिवासी जनजातिहरूको ज्ञान महत्वपूर्ण रहेको छ । यो स्थायित्वता सदियौंदेखि प्रकृतिसँगको अन्तरक्रिया, अनुकूलन, वातावरणीय परिवर्तन र अन्तरसम्बन्धित पारिस्थितिकीय कार्यलाई मूल्याङ्कन गर्ने आदिवासी जनजातिहरूको क्षमतामा आधारित छ । आदिवासी जनजातिको ज्ञान वातावरणको सही व्यवस्थापन, संरक्षण र जैविक विविधताको दीगोपनासँग सम्बन्धित छ जुन 'Nature-Based Solution/प्रकृतिमा आधारित समाधान' को विकासका लागि महत्वपूर्ण हुन्छ । यस्ता समाधानका उपायहरू कार्यान्वयन गर्दा सम्बन्धित क्षेत्रको पारिस्थितिक र सांस्कृतिक अवस्थासँग अनुकूल र सन्दर्भ अनुरूप भएमा अत्यधिक सफल हुने गर्दछ ।

२. आदिवासी जनजातिहरूको ज्ञान जलवायु परिवर्तनको जोखिम कम गर्नको निम्ति महत्वपूर्ण रहेको छ । आदिवासी जनजातिहरूले विगतमा घटेका घटनाहरूको आधारमा जोखिमको मूल्याङ्कन र जनचेतना सहजीकरण गर्दछन् जसले उनीहरूको बुझाईमा सुधार ल्याउन, सान्दर्भिक मुद्दाहरूमा नयाँ समाधानको उपायहरू खोजी गर्न मद्दत गर्दछ । यसरी उचित तरिकाले गरिने जोखिम व्यवस्थापनले क्रमिक रूपमा सामाजिक रूपान्तरणलाई पनि अघि बढाउँछ ।

३. जलवायुसम्बन्धी गतिविधिमा आदिवासी जनजातिहरू र उनीहरूको ज्ञानलाई समावेश गरिएमा स्थानीय तहको अनुकूलनका उपायहरू, विशेषगरी वनजंगलको सन्दर्भमा, प्रभावकारिता अभिबृद्धि हुन्छ । समुदायमा आधारित जैविक विविधतासम्बन्धी व्यवस्थापन र सह-व्यवस्थापन आदिवासी जनजातिहरूद्वारा गरिएमा समतामूलक, प्रभावकारी र भरपर्दो अनुकूलनका परिणामहरू ल्याउन सहयोग पुग्ने कुरालाई प्रमाणहरूले देखाएको छ । आदिवासी जनजातिहरूको ज्ञानमा भएको स्थानीयपन र विविधतायुक्त संस्कृतिहरूलाई जोड्ने क्षमता, नीतिगत ढाँचा, आर्थिक व्यवस्था र जैविक विविधताको व्यवस्थापन गर्न सक्ने विशेषताहरूका कारण यस्ता ज्ञानले समाधानको खोजी गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

आदिवासी जनजातिहरूले अन्तरपुस्ता र एकत्रित वा समग्र दृष्टिकोणको अवधारणालाई प्रबर्द्धन गर्दछन्, जसले संस्थागत एकपक्षीय अवधारणालाई परास्त गर्दछ ।





४. आदिवासी जनजातिहरूको ज्ञान जलवायु न्यायको महत्वपूर्ण अंग रहेको छ । आदिवासी जनजातिहरू निर्णय प्रक्रियामा सामेल हुँदा उनीहरूमाथिको ऐतिहासिक असमता र अन्यायलाई नयाँ दृष्टिकोणबाट सम्बोधन गरिनु पर्दछ । आदिवासी जनजातिहरूको प्रथाजनित र परम्परागत न्यायप्रणालीको अभ्यास अवलम्बन गरिएमा अनुकूलनसम्बन्धी नीतिगत प्रक्रियाहरूमा समताको अभिबृद्धि हुन्छ । न्यायमा आधारित अनुकूलनको अवधारणाले जोखिम घटाउनका साथै उत्थानशील क्षमतामा बृद्धि हुन्छ ।

५. दीगो खाद्य सुरक्षा र पानीको व्यवस्था गर्न आदिवासी जनजातिहरूको संलग्नता पूर्व शर्त हुनुपर्दछ । जैविक विविधता र पारिस्थितिकीय अखण्डतालाई सहायता पुऱ्याउने अभ्यासहरू जस्तैः आदिवासी जनजातिहरूको अभ्यासहरूले खाद्य सुरक्षा र पानीको सुरक्षालाई अभिबृद्धि गर्दछ भन्ने तथ्य प्रमाणहरूबाट पनि प्रष्ट हुन्छ । प्रतिवेदनले विभिन्न सामाजिक-सांस्कृतिक परिस्थितिमा पानी र खाद्यसँग सम्बन्धित अनुकूलनका विभिन्न विकल्पहरू जस्तैः वर्षाको पानी संकलन, माटोको आद्रता संरक्षण, कृषिको विविधिकरण, अनुकूल पारिस्थितिक मत्स्यपालन व्यवस्थापनमा आदिवासी जनजातिहरू र उनीहरूका ज्ञानका ज्ञाताहरूसँग साँचो अर्थमा सहकार्य गरिएमा अनुकूलनका अभ्यासहरू थप प्रभावकारी हुनेछ भन्ने दाबी गर्दछ ।

## जलवायु परिवर्तन सम्बोधनका कार्य संचालनमा आदिवासी जनजातिहरूसँग सहकार्य

आदिवासी जनजातिहरूसँगको सहकार्य, गैर आदिवासी जनजाति विज्ञहरूसँग संवाद र आदिवासी जनजातिहरूको सुदृढ नेतृत्व र निर्णय क्षमताले दीगो अनुकूलन र जलवायु परिवर्तन प्रतिरोधी विकासमा बृद्धि हुने कुरालाई आइपीसीसीले संकेत गर्दछ । त्यसैगरी, जलवायु परिवर्तन सम्बोधनका कार्य संचालनमा आदिवासी जनजातिहरू

र उनीहरूको ज्ञानका ज्ञाताहरूको संलग्नताले न्याय र समतासँग सम्बन्धित सकारात्मक परिणामहरू ल्याउँदछ । उनीहरूको संलग्नता र पहिचानको लागि आत्मनिर्णयको अधिकारको सुदृढीकरण, आदिवासी जनजातिहरूको अधिकारको पहिचान र आदिवासी जनजातिहरूको ज्ञानमा आधारित अनुकूलनका कार्यलाई प्रबर्द्धन गर्न ठोस सहयोग आवश्यक पर्दछ । यसको निम्ति लचिलो र प्रगतिशील जलवायु सुशासनको आवश्यकता पर्दछ, जसले अहिलेसम्मको एकात्मक अनुकूलन र न्यूनीकरणका अभ्यास र प्रचलित मूल्य–मान्यतालाई चुनौती दिन्छ ।

यस प्रतिवेदनले आदिवासी जनजातिहरूको आन्दोलनले न्यायको लागि गरेको आव्हानलाई पहिचान गरेको छ । यसका अतिरिक्त जलवायु गतिविधि दीगो विकाससँग अन्योन्याश्रित (एकअर्कामा निर्भर, परस्पर निर्भर) रहेको कुरालाई समेत प्रतिवेदनले औंल्याएको छ । यी दुवै प्रक्रिया न्याय र समताको अवधारणामा आधारित हुनुपर्दछ जसले आदिवासी जनजातिहरूको क्रियाशिलता बढाउने र निर्णय प्रक्रियामा आइपर्ने अवरोधहरूलाई घटाउनेछ ।

खराब अनुकूलन कार्यलाई मान्यता प्राप्त, प्रक्रियागत र वितरणात्मक न्यायमा ध्यान केन्द्रित गरेर रोक्न सकिने र समुदायलाई स्वःस्फूर्त जलवायु परिवर्तनप्रति अनुकूलन गर्न उनीहरूको अवस्थालाई सहजीकरण गरेर जलवायुजन्य क्षतिबाट जोगिन सकिन्छ भन्ने तथ्य विभिन्न उदाहरणबाट प्राप्त हुन्छ । यसले अझ बढी लचिलो र दीर्घकालीन लक्ष्य बोकेको, जोखिमको मूल्याङ्कन गर्न र सम्भावित प्रतिक्रियाहरू सामना गर्न सक्षम जलवायु शासनको लागि आव्हान गर्दछ । यी उद्देश्य प्राप्त गर्नको निम्ति अधिकारमा आधारित अवधारणा, सहभागितामूलक विधिहरू, आदिवासी जनजातिहरूको ज्ञानको समावेशीकरण, परामर्श, सुसूचित सहमति जस्ता कुराहरू आवश्यक तत्वहरू हुन् भन्ने प्रतिवेदनको महत्वपूर्ण निष्कर्ष रहेको छ ।

## अगाडिको बाटो

अघिल्लो आइपीसीसी प्रतिवेदनको तुलनामा हालको प्रतिवेदन आदिवासी जनजाति र उनीहरूको ज्ञान प्रणालीको पहिचान गर्नमा एक कदम अगाडि रहेको छ र यसको मुख्य श्रेय स्थानीय तहमा गरिएको विभिन्न गतिविधिलाई जान्छ । प्रतिवेदनमा आदिवासी जनजातिहरूले गरिआएको धेरै अभ्यासहरूको प्रभावकारितालाई स्वीकार गरिएको छ । तर त्यसमा अन्तरनिहित मूल्य, मान्यता,





विश्व दृष्टिकोण र जलवायु परिवर्तनको सामाजिक र सांस्कृतिक कारणहरूको पुनर्विचार गहनताका साथ खोजी गरिएको छैन । परम्परागत थातथलोमा रहिआएका आदिवासी जनजातिहरूको विविधतापूर्ण ज्ञान र परम्परागत संस्थाहरूको योगदानलाई कम आंकलन गर्दा आदिवासी जनजातिहरूले समग्रतामा र विश्वव्यापी स्तरमा जलवायु परिवर्तनको संकट सम्बोधनमा खेलेको भूमिकाको अवमूल्यन हुन जान्छ ।

त्यसैगरी, आइपीसीसीले ज्ञानको सह-उत्पादन प्रक्रियालाई स्वीकार गरेतापनि प्रतिवेदनले आदिवासी जनजातिहरूको ज्ञानलाई पश्चिमा विज्ञानसँग एकीकृत (समाहित) गर्ने बारेमा बोल्दछ तर बराबरीको हैसियतमा राखेको पाइँदैन । विडम्बना के छ भने यो प्रतिवेदनले पनि आदिवासी जनजातिको ज्ञानलाई पश्चिमा विज्ञानसँग एकीकृत गर्ने तिर निर्देशित र अभिप्रेरित गरेको पाइन्छ । जनजातिहरूको ज्ञानलाई पश्चिमा विज्ञानसँग एकीकृत (समाहित) गर्ने भन्दै पनि समानान्तर (बराबर) मान्यता दिएर सहकार्य र सामावेशिकरण आदिवासी जनजातिहरूको माग हो । आदिवासी जनजातिहरूको ज्ञानलाई पश्चिमा विज्ञानसँग एकीकृत (समाहित) गर्ने अवधारणाले धेरै पहिलेदेखि अनुकूलनको नीतिमा रहिआएको (खण्डीकरण) स्थितिलाई थप पुर्नउत्पादन गर्दछ । यी उपायहरू (प्रक्रिया, कार्यविधि) आदिवासी जनजातिहरूमा जबरजस्ती लादिएको हुनाले उनीहरूसँगको (सम्झौता) र उनीहरूको अधिकारको विपक्षमा छ ।

आदिवासी जनजातिहरूको ज्ञानलाई पश्चिमा विज्ञानसँग समाहित गर्नाले सिमान्तीकरणलाई कायम राख्नुका साथै जलवायु परिवर्तनबाट प्रभावित पारिस्थितिकीय प्रणालीसँग जोडिएको सम्पूर्ण ज्ञान प्रणालीलाई नै अस्वीकार गर्दछ ।

यो प्रमाणले आदिवासी जनजातिको ज्ञानको उल्लेख गरेतापनि प्रतिवेदन तयार गर्ने क्रममा आदिवासी जनजाति र उनीहरूको ज्ञाताहरूले समान हैसियतले योगदान गर्छन् भन्ने कुरालाई सुनिश्चित गर्दैन ।

यी कमीकमजोरीहरू आइपीसीसीको प्रतिवेदनहरू तयार गर्ने प्रक्रियासँग जोडिएर आउँछ । प्रतिवेदन मुख्यतयाः गैरआदिवासी वैज्ञानिक ज्ञानमा आधारित हुन्छ, जसअनुसार विषयगत विज्ञहरूद्धारा समीक्षा गरिएको लेखहरूलाई सापेक्षित प्रमाणको रूपमा लिइन्छ । यस प्रकारको लेख रचनाले आदिवासी जनजातिहरूको ज्ञानको उल्लेख गरेता पनि प्रतिवेदन तयार गर्ने प्रक्रियामा आदिवासी जनजाति र उनीहरूको ज्ञाताहरूले समतामूलक हैसियतबाट योगदान गर्छन् भन्ने कुरालाई सुनिश्चित गर्दैन ।

साथै आदिवासी जनजाति लेखकहरू र संघ संस्थाहरूसँगको सहकार्य र उनीहरूको विशेष योगदानलाई प्रतिवेदनमा उचित ढंगले स्वीकार (कदर) गरिएको छैन । आदिवासी लेखकहरूलाई उनीहरूको समुदाय अथवा सामाजिक–सांस्कृतिक क्षेत्रबाट भन्दा पनि उनीहरू जुन देशमा बस्छन् अथवा काम गर्छन्, ती देशहरूबाट मात्र प्रतिनिधित्व गराइन्छ, यसले उनीहरूको आत्मनिर्णयको अधिकारको उल्लंघन गर्दछ ।

त्यसैले, आदिवासी जनजाति लेखकहरूको योगदानको पहिचान गरिएता पनि र आदिवासी जनजातिहरूको ज्ञानलाई आइपीसीसीको छैठौं समीक्षात्मक प्रतिवेदन श्रृंखलामा पहिला भन्दा बढी ध्यान दिएको छ र आदिवासी जनजातिहरूको ज्ञानको विशेषता भनेको सम्पूर्णता र व्यापकता हो जुन उनीहरूको थातथलोमा निरन्तर अभ्यासद्वारा खारिएको हुन्छ भन्ने तथ्यप्रति प्रतिवेदन ऋणी छ ।

प्रतिवेदनले आदिवासी जनजातिहरूलाई निर्णय प्रक्रियाबाट सिमान्तीकृत गर्ने, जोखिम बढाउने अवरोधहरूको जग विगतका औपनिवेशीकालमा सिर्जित असमताको संरचनाहरूमा अवस्थित रहेको उल्लेख गर्दछ । यद्दपि यी औपनिवेशीकरण प्रक्रियाहरूले जलवायु परिवर्तन र विशेषगरी अनुकूलनलाई सम्बोधन गर्नको निम्ति कसरी प्रभावित पार्दछ भनेर गहिरो विश्लेषण भने भएको छैन । नत यस्तो शैलीलाई सुदृढ गर्न अथवा चुनौती दिन के कस्तो योगदान गर्न सक्छ, भनी उचित अवधारणा नै प्रतिवेदनमा उल्लेख गरेको छ ।





आइपीसीसीले आगामी श्रृंखलामा जलवायु परिवर्तनको जोखिम, असमानता र औपनिवेशीकरणबीचको सम्बन्धलाई अझ नजिकबाट नियाल्नेछ भन्ने सुझाव इग्वियाले दिएको छ ।

आइपीसीसीले आदिवासी जनजातिहरूसँग सहकार्य गरेर अझ राम्रो तवरले जलवायु परिवर्तनका प्रभावहरूको मूल्याङ्कन गर्नुका साथै आदिवासी जनजातिहरू र उनीहरूको समुदायको अन्तरसम्बन्धित अधिकारको बारेमा सम्भावित तरिका (ढाँचा, दृष्टिकोण) अझ बढी खोजी गर्न सक्नेछ । जुन अझैसम्म पनि उनीहरूको ज्ञानको पहिचान नभएकोले अपूर्ण रहेको छ ।

साथै, आइपीसीसी आदिवासी जनजातिहरूबीचको विविधता र उनीहरूले भोगेका भेदभाव र दमनप्रति ध्यान राख्न पनि असफल भएको छ । सन्दर्भ प्रस्तुत गर्दा पनि प्रायःजसो विश्वका सात सामाजिक-सांस्कृतिक क्षेत्रका आदिवासी जनजातिहरूको विविधतालाई स्वीकार गरिएको हुँदैन र आदिवासी जनजाति भित्रैका पनि केही विशेष समूहहरूलाई समेत छुट्टयाइएको (बेवास्ता गरिएको) हुन्छ । अनुकूलन नीतिमा विशेषगरी महिलाको सन्दर्भमा उनीहरूलाई "महिला" अथवा "आदिवासी जनजाति" मध्ये कुनै एकमा आफूलाई पहिचान गर्नको (चिनाउन) निम्ति बाध्य पारिन्छ । उनीहरूलाई त्यसरी छुट्टयाउँदा एउटै समुदायभित्र विद्यमान असमानता बढेर जान सक्छ । आदिवासी जनजातिहरूको ज्ञानलाई पुस्तान्तरण गर्न प्रमुख भूमिका खेल्ने बृद्धबृद्धाहरूका साथै बालबच्चा र युवाहरूलाई समेत पर्याप्त मात्रामा उल्लेख गरिएको छैन ।

आदिवासी जनजातिहरूको अर्थपूर्ण पहिचानको निम्ति उनीहरूको विशिष्टताको पहिचान हुन पनि आवश्यक छ, जसले प्रत्येक मानिसलाई असर गर्दछ । एकै समुदायभित्र पनि संरचनागत असमानताको पुनर्उत्पादन गर्न कसरी सकिन्छ भन्ने कुरालाई समेत ध्यानमा राख्नुपर्दछ । आदिवासी जनजातिहरू र उनीहरूभित्रकै

विशेष समूहहरूको खास अवस्था र उनीहरूको ठोस योगदानको बारेमा आगामी श्रृंखलामा अझ नजिकबाट अध्ययन गरिनु पर्दछ ।

आदिवासी जनजातिहरूको ज्ञानलाई खण्डीकरण र क्षय हुनबाट जोगाउन आदिवासी जनजातिहरू र उनीहरूको ज्ञानका ज्ञाताहरूलाई आइपीसीसीको प्रक्रियाहरूमा स्थायी र भिन्न तरिकाले सामेल गर्न आवश्यक छ । धेरै भन्दा धेरै आदिवासी जनजाति लेखकहरू, मुख्य (प्रमुख) लेखकहरूलाई आइपीसीसीको बैठकहरू र छलफलहरूमा समावेश गरेर र आदिवासी जनजातिहरू र ज्ञाताहरूको सुसूचित, दीगो र प्रभावकारी सहभागिताको निम्ति औपचारिक संयन्त्र बनाएर यसलाई सम्बोधन गर्न सकिन्छ ।

त्यसै अनुरूप आइपीसीसीले आगामी श्रृंखलामा बहुज्ञान प्रणालीबीच समानान्तर सहकार्य भएमा कसरी ज्ञानको सहउत्पादनको निम्ति सहजीकरण गर्न सकिन्छ भनी जाँच्ने (परीक्षण गर्ने) अपेक्षा गर्न सकिन्छ । यी सहकार्यमूलक प्रक्रियाहरूलाई अनुकूलन नीतिहरूमा कसरी व्याख्या र व्यक्त गरिन्छ भनेर अझ गहिरिएर हेर्न आवश्यक छ ।

यी पक्षहरूलाई सम्बोधन गरिएमा जलवायु परिवर्तनसम्बन्धी अनुकूलन प्रक्रियामा आदिवासी जनजातिहरूको योगदानको पहिचान सुदृढ हुनेछ ।

## सुझावहरू

आइपीसीसीको दोस्रो कार्य समूहको मूल्याङ्कनलाई पालना गर्दै र आइसीसीको घोषणापत्रलाई अनुमोदन गरेर, जलवायु परिवर्तन उत्थानशील विकास र जलवायु न्यायलाई सुनिश्चित गर्न आदिवासी जनजातिहरूको ज्ञानलाई राष्ट्रिय र विश्वव्यापी जलवायु गतिविधिमा पहिचान दिलाउन इब्गीयाले आव्हान गर्दछ । राज्यले उपलब्ध प्रमाणहरूको आधारमा के स्वीकार्नु पर्दछ भने आदिवासी जनजातिको ज्ञानमा आधारित अनुकूलनका अभ्यासहरूलाई लागू र सुदृढ गर्नका साथै राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा आदिवासी जनजातिहरूको अधिकार र आत्मनिर्णयको अधिकार सुनिश्चित गर्न भनेको विश्वव्यापी जलवायु परिर्वतनको प्रतिक्रिया स्वरूप हातेमालो गर्नु हो, जो आफैमा रूपान्तरणकारी परिवर्तन पनि हो । यसै प्रमाणमा आधारित रहेर राज्यहरूलाई निम्न लिखित विशेष सुझावहरू दिन सकिन्छ ।

१. जलवायु परिवर्तनलाई सम्बोधन गर्ने सम्पूर्ण संयन्त्र र योजनाहरूको डिजाइन (रूपरेखा बनाउने, ढाँचा) र कार्यान्वयनमा क्षेत्रगत विविधता, अन्तरसांस्कृतिक र लैङ्गिक अवधारणालाई ध्यानमा राख्दै आदिवासी जनजातिहरूको प्रत्यक्ष सहभागितालाई सुदृढ बनाउने । यी अवधारणाहरू आदिवासी जनजातिहरूको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी र प्रभावकारी



सशक्तिकरणमा आधारित रहनका साथै आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (युएनड्रिप) सँग मेल खाने हुनुपर्दछ ।

२. जलवायु परिवर्तनका सम्बोधनका कार्य संचालनमा आदिवासी जनजातिहरूको सहभागिताको निम्ति क्षेत्रीय विविधता र विशिष्ट सांस्कृतिक सन्दर्भहरू समावेश गरिएको राष्ट्रिय स्थायी संयन्त्रको स्थापना गर्नु पर्दछ ।

३. अनुगमन र प्रतिवेदन प्रणालीलाई सुदृढ गरी आदिवासी जनजातिहरूको दृष्टिकोण, आदिवासी जनजातिहरू र उनीहरूका ज्ञानका ज्ञाताहरूका अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने, साथै उनीहरूले भोगिरहेको जलवायु परिवर्तनको प्रभाव बुझ्न र गुनासो सुन्न संयन्त्र स्थापना गर्नु पर्दछ ।

४. आदिवासी जनजातिहरूको ज्ञान प्रणालीको अर्थपूर्ण र सम्मानजनक पहिचानको सुनिश्चिता गर्ने, गैर आदिवासी ज्ञान प्रणाली र ज्ञानको सहउत्पादन प्रक्रियामा समाहित हैन बराबरीको हैसियतमा सहकार्य बढाउने । यी कार्यहरू गर्दा आदिवासी जनजातिहरूसँग सम्बन्धित मूल्यमान्यता, प्रोटोकल (सम्झौता, सहमति) र निर्देशिकाहरू अनुरूप गर्नका साथै आदिवासी जनजातिहरूको अन्तरसम्बन्धित अधिकारहरूलाई पहिचान र मान्यता दिने र सम्मान गर्ने कुरालाई सधैं ध्यानमा राख्नुपर्छ ।

५. आदिवासी जनजाति प्रतिनिधिहरूलाई जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय र अन्तरसरकारी मञ्चहरूमा समावेश गर्ने साथै त्यस्ता सहभागिताको लागि संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरू र आदिवासी जनजातिहरूको क्षमता अभिबृद्धि गर्ने ।

६. परम्परागत ज्ञान प्रणाली र संस्थाहरूमा आधारित आदिवासी जनजातिहरूको क्षमतालाई स्वागतयोग्य ठहर गरी समुदायको क्षमता सुदृढ गर्न आवश्यक श्रोत उपलब्ध गराउने ।

७. आदिवासी जनजातिहरूको संस्थागत र सामूहिक प्रतिनिधिहरूलाई आइपीसीसी पूर्ण बैठकहरूको राष्ट्रियस्तरको प्रतिनिधिमण्डलहरूका साथै यसका विभिन्न प्रक्रियाहरूमा र गतिविधिहरूमा उनीहरूको प्रत्यक्ष सहभागिताको सुनिश्चितताको निम्ति भरपर्दो र स्थायी संयन्त्रको निर्माण गर्ने र सत्रहरूमा (बैठक, सभा) सामेल गराउने ।

**लेखकहरू** : रोजारियो कार्मोना; जोआना पेट्रासेक म्याकडोनाल्ड र डेली साम्बो डरोफ, इनुइट सर्कमपोलर परिषद (आइसीसी); टुङ्ग भद्र राई, नेपाल आदिवासी जनजाति महासंघ (नेफिन); गिडीओन अब्राहम सानागो, PINGO's Forum/पिङ्गोज फोरम र स्टेफन थोरसेल, IWGIA/इब्गीया ।

IWGIA/इब्गीया एक गैरसरकारी मानव अधिकारवादी संस्था हो । यस संस्थाले ५० वर्ष भन्दा लामो समयदेखि आदिवासीको अधिकार प्रबर्द्धन, संरक्षण र रक्षा गर्दै आइरहेको छ । संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तनसम्बन्धी खाका महासन्धीमा र अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा आदिवासी जनजातिको अधिकारको वकालत गर्दै आइरहेको छ ।

**नेपाली अनुवाद : अमिता राई, टुङ्ग भद्र राई**

June, 2022

**नेपाल आदिवासी जनजाति महासंघ**

**जलवायु परिवर्तन साझेदारी कार्यक्रम**

महाराजगञ्ज, काठमाडौं, नेपाल, फोनः- ९७७-१-४४१५३७६, इमेलः info@nefinclimatechange.org

वेवसाइटः www.nefinclimatechange.org

**साझेदार** : IWGIA

**सहयोग** :